
ADDYSG CYMRU
EDUCATION WALES
cenhadaeth ein cenedl | our national mission

Llywodraeth Cymru
Welsh Government

# वेल्सको पाठ्यक्रमको गाइड



यो कागजात hwb.gov.wales मा पनि 18 भाषामा उपलब्ध छ

# शिक्षा परिवर्तन हुँदै छ



**संसार निरन्तर परिवर्तन भइरहेको छ र हामीलाई नयाँ विचारहरू र प्रविधि रचनात्मक रूपमा प्रयोग गर्ने तरिकाको खाँचो छ।**

यी चुनौतीहरू सम्बोधन गर्न, Welsh सरकारले तपाईंको बच्चासँग उनीहरूलाई आफ्नो जीवन भरिपूर्ण बनाउनका लागि चाहिने ज्ञान, सीप र शैक्षिक अनुभवहरू छन् भनी सुनिश्चित गर्न चाहन्छ।



तपाईंको बच्चाको विद्यालयमा, **शिक्षकहरूले पाठ्यक्रम डिजाइन** गरिरहनुभएको छ। शिक्षकहरूले बालबालिकाले अध्ययन गर्ने कुराको योजना बनाउनमा उहाँहरूलाई मद्दत गर्नका लागि अन्य शिक्षकहरूले लेखेको मार्गदर्शन प्रयोग गरिरहेका छन्।



पाठ्यक्रम **सबै बालबालिकाका लागि डिजाइन** गरिएको छ। यसले तपाईंको बच्चालाई वास्तविक जीवनको अर्थसँगै रचनात्मक पाठहरूमा सहायता गर्ने छ। यो उनीहरूका आवश्यकतानुसार हुने छ र उनीहरूलाई उनीहरूको पूर्ण क्षमता हासिल गर्न मद्दत गर्ने छ।



आजभोलि संसार धेरै जोडिएको छ, त्यसैले उनीहरूले सिक्ने कुरा पनि धेरै जोडिएको छ। ज्ञान एकदमै महत्त्वपूर्ण छ र **तीव्र गतिमा परिवर्तन भइरहेको संसार** मा उनीहरूलाई चाहिने सीप र अनुभवहरू पनि उनीहरूलाई दिइने छ।

तपाईंको विद्यालयले तपाईंको बच्चालाई निम्न व्यक्ति बन्नमा सहायता गरिरहेको छ:

- महत्त्वाकांक्षी, योग्य अध्ययनकर्ता, उनीहरूको जीवनभर कुराहरू सिक्न तयार
- उद्यमशील, रचनात्मक योगदानकर्ता, जीवन र काममा पूरा भूमिका निभाउन तयार
- नैतिक, जानकार नागरिक, वेल्स र संसारमा भाग लिन तयार र
- स्वस्थ, आत्मविश्वासी व्यक्ति, समाजको महत्त्वपूर्ण सदस्यको रूपमा सन्तोषप्रद जीवनयापन गर्न तयार।

यी कुराहरूलाई पाठ्यक्रमका 'चार उद्देश्यहरू' भनिन्छ।



# अध्ययन र अनुभवका क्षेत्रहरू

साक्षरता, सङ्ख्यात्मकता र डिजिटल सीपहरूका साथै **अध्ययन र अनुभवको छ वटा क्षेत्र छ**। तपाईंको बच्चाले सिक्ने हरेक कुराहरू यी क्षत्रहरूसँग जोडिने छन्।




**पाठ्यक्रमा निम्न कुरा समेटिएको छ:**

- मानव अधिकारहरू
- विविधता र भिन्नताको सम्मान गर्ने
- करियर र कार्यस्थलका अनुभव र सीपहरू
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तुहरूका बारेमा अध्ययन गर्ने
- विकासात्मक रूपमा उचित सम्बन्ध र लैङ्गिकतासम्बन्धी शिक्षा

# अध्ययन र अनुभवका क्षेत्रहरू



**व्यक्तात्मक कला** मा, तपाईंको बच्चाले उनीहरूको रचनात्मक, कलात्मक र कार्यसम्पादनका सीपहरू विकास गर्नका लागि कला, नृत्य, नाटक, चलचित्र र डिजिटल मिडिया र सङ्गीतको अन्वेषण गर्नु हुने छ।



**मानविकीहरू** मा, उनीहरूले विगत र वर्तमानमा विश्व, समाज र कार्यक्रमहरूका बारेमा सिक्ने छन्। हामीले सामना गर्ने चुनौती र अवसरहरू र हामीले भविष्यमा विश्व र त्यहाँका मानिसहरूलाई सुरक्षा राख्न के-कस्ता नैतिक कार्य अपनाउन सक्छौं भन्नेबारे उनीहरूले अन्वेषण गर्ने छन्।




**गणित र सङ्ख्यात्मकता** मा, तपाईंको बच्चाले नम्बरहरूको आफ्नो बुझाइ विकास गर्ने छन् र गणितमा संकेतहरूको प्रयोग गर्नु हुने छ। उनीहरूले आकार र मापन अन्वेषण गर्ने छन् र तथ्याङ्क र सम्भाव्यताबारे जान्ने छन्।



**स्वास्थ्य तथा कल्याण** भनेको भावनात्मक कल्याणसहित उनीहरूको शारीरिक र मानसिक स्वास्थ्यको बारेमा ख्याल राख्नु हो। उनीहरूले स्वस्थ खानपानबारे अनलाइन र अफलाइन दुवैमा कसरी सुरक्षित राख्ने, प्रभावहरूसँग कसरी सम्झौता गर्ने र स्वस्थ सम्बन्धहरू कसरी विकास गर्ने भन्नेबारे सिक्ने छन्।



**भाषाहरू, साक्षरता र सञ्चार** मा, तपाईंको बच्चाले विभिन्न भाषाहरूका बारेमा सिक्ने छन्।उनीहरूले प्राथमिक विद्यालयहरूबाट बुझेर Welsh, अङ्ग्रेजी र अन्य भाषाहरूको प्रयोग गर्ने छन्। र आफ्नो सञ्चार सीपहरू निर्माण गर्नुका साथै उनीहरूले साहित्यको बारेमा सिक्नेछन्, आफ्नो कथा, कविता र प्रस्तुतीहरू सिर्जना गर्नेछन्।



**विज्ञान र प्रविधि** मा तपाईंको बच्चाले जीवविज्ञान, रसायन विज्ञान, भौतिक, र कम्प्युटर विज्ञानका बारेमा सिक्नु हुने छ। उनीहरूले डिजाइन र इन्जिनियरिङ, जीवीत चिजहरू, पदार्थ, बल र उर्जा र कम्प्युटरहरूले कसरी काम गर्छ भन्नेबारे सिक्ने छन्।

# के महत्त्वपूर्ण हुन्छ

तपाईंको बच्चाको सिकाइ चीजहरूमा केन्द्रित हुनुपर्छ
यो कुरा उनीहरूलाई अहिले र उनीहरू हुर्कँदा महत्त्वपूर्ण हुनेछ।

सिकाइ र अनुभवको हरेक क्षेत्रले सबै उमेरका बालबालिकाका लागि कु न कु राले सिकाइलाई आकार दिन्छ भन्ने कु राको विवरणहरू समावेश गर्दछ। यसले तपाईंको बच्चालाई उनीहरूले के सिकिरहेका छन् र शीर्षकहरू साधारणतया कसरी एकअर्कासँग, काम र जीवनसँग जोडिएका छन् भन्नेबारे सोच्न मद्दत गर्दछ। तिनीहरूले तपाईंको बच्चाको बुझाइ र सीपहरू विकास गर्ने हुनाले हरेक वर्ष प्रगति गर्न पनि मद्दत गर्दछ।

तपाईंको बच्चाका लागि जीवनका महत्त्वपूर्ण सीपहरू सिक्ने थप अवसरहरू छन् जसले उनीहरूलाई निम्न कुरा गर्न मद्दत गर्ने छ:

- उनीहरू वरपरको संसारको कदर गर्न
- प्रश्नहरू सोध्न, प्रमाण खोज्न, निर्णयहरू बनाउन र समस्याहरू समाधान गर्न
- अन्वेषण गर्न, सञ्चार गर्न, योजनाहरू बनाउन र समाधानहरू फेला पार्न
- लचिलोपन निर्माण गर्न र उनीहरूको कल्याण व्यवस्थापन गर्न
- अन्यसँग काम गर्न र
- सिकाइ, काम र उद्यमशीलतामा अर्थपूर्ण अनुभवहरूमा आधारित उनीहरूको भावी करियरका बारेमा निर्णयहरू बनाउन।

## यसले कसरी काम गर्छ को उदाहरण

सिकाइ र अनुभवको विज्ञान र प्रविधि क्षेत्रमा, महत्त्वपूर्ण विवरणहरूमध्ये एक विवरण निम्नानुसार छ:

***'हाम्रो वरपरको संसार जीवित चिजहरूले भरिएको छ जुन जीवनयापनका लागि एक अर्कामा निर्भर हुन्छ।'***

तपाईंको बच्चाले सिक्दै जाँदा, उनीहरूले यसबारे निम्न जस्तै फरक तरिकामा सोच्ने छन्:

- लोपोन्मुख जनावरहरू छन् भन्ने मलाई थाहा छ।
- मैले जे गर्छु त्यसले वातावरण, मानिस र जनावरहरूमा प्रभाव पार्छ भन्नेबारे म बुझ्छु।
- म वातावरण, मानव र जनावरहरूमा जलवायु परिवर्तनको प्रभावलाई कम गर्ने उपायहरू पहिचान गर्न सक्छु।

# तपाईंको बच्चाका लागि काम गर्ने तरिकामा सिक्ने

यो पाठ्यक्रम तपाईंको बच्चाको ज्ञान, सीप र अनुभवहरूको विकास गर्न सघाउन डिजाइन गरिएको हो।

उनीहरूले निम्नानुसार अगाडि बढ्ने छन्:

- थप कुरा सिक्दै
- उनीहरूको चीजहरूको समझ गहिरो जाँदा
- उनीहरूको सञ्चार सीपहरू वृद्धि हुँदै जाँदा र
- उनीहरूको सीपहरू सुध्रिँदै जाँदा।

कहिलेकाहीँ, उनीहरू:

- आफूले शीर्षक बुझेको सुनिश्चित गर्न वा
- केही रोचक कुरा पत्ता लगाउँदा तुरुन्तै अगाडि बढ्छन् वा ढिलासुस्ती गर्छन्।

सिकाइ सँधै उनीहरूको उमेरसँग जोडिएको हुँदैन। यो एकै तरिकामा वा सबैका लागि एकै समयमा हुने छैन।

# मूल्याङ्कन

मूल्याङ्कन हरेक दिन तपाईंको बच्चाको सिकाइको हिस्सा हुने छ।

उनीहरूले कति राम्रो गरिरहेछन् भनेर बुझ्नका लागि उनका शिक्षकहरूसँग काम गर्ने छन्। उनीहरूलाई निम्न कुराका लागि मद्दत गर्न यो महत्त्वपूर्ण छ:

- उनीहरू आफ्नो सिकाइमा कहाँ छन् भनी हेर्न
- उनीहरूको अर्को सिकाइका चरणहरूमा योजना बनाउन
- कुनै पनि समस्याहरू समाधान गर्न वा उनीहरूलाई आवश्यक हुने अतिरिक्त समर्थन



र उनीहरूको शिक्षकलाई निम्न कुरा गर्नमा मद्दत गर्न:

- उनीहरूलाई चुनौती दिने तरिकाहरू फेला पार्न र
- विद्यार्थीहरूले कत्तिको राम्ररी कार्य गरिरहेका छन् भनी हेर्न।



**तपाईंको बच्चालाई अगाडि बढ्नका लागि मद्दत आवश्यक छ भनी सुनिश्चित गर्न विद्यालयले तपाईंसँग पनि काम गर्ने छ।**

# भविष्यका लागि योग्य


तपाईंको बच्चाले 14 देखि 16 सम्म अध्ययन गर्ने योग्यताहरू पाठ्यक्रमसँग मेल खाने छ।

भविष्यमा, अहिले हामीसँग भएका योग्यताहरूका साथै अन्य विषयहरू हुन सक्छन्।

योग्यताहरूका बारेमा अधिक जानकारीका लागि यहाँ हेर्नुहोस् https://qualifications.wales/information-support/information-for-parents-carers/

विभिन्न प्रकारका मूल्याङ्कन पनि हुने छन्, उदाहरणका लागि डिजिटल प्रविधिको प्रयोग गर्न सकिन्छ।





तपाईं, तपाईंको बच्चा र समुदायका लागि तपाईंको विद्यालयका पाठ्यक्रम विकास गर्ने अवसरहरू छन्।

विद्यालय र घर दुवै ठाउँमा एकसाथ काम गर्ने सबैले तपाईंको बच्चालाई उत्कृष्ट शिक्षा दिन र भविष्यका लागि तयार पार्न मद्दत गर्ने छन्।

**नयाँ पाठ्यक्रमको बारेमा थप जान्न, आफ्नो बच्चाका शिक्षकहरूसँग सोध्नुहोस्।**

**वेल्सका लागि पाठ्यक्रम र पाठ्यक्रममा हुने BSL का बारे बालबालिका, युवा मानिसहरू र परिवारहरूका लागि ब्रिटिश सांकेतिक भाषा (British Sign Language, BSL)** भिडियो शिक्षा वेल्सको युट्युब च्यानलमा उपलब्ध छ।

**तपाईं थप जानकारी फेला पार्न पनि सक्नुहुन्छ**

@WG_Education
@edubeginsathome

@EducationWales
@beginsathome